# याक, नाक/चौरीको व्यवसायिक पालनः उत्पादनको व्यवस्थित बजारीकरण



## परिचय

याक, नाक र चौरीपालन हिमाली क्षेत्रका वासिन्दाको प्रमुख आर्थिक आधार रहेको छ। चौरीपालन समुद्रि सतहबाट दुई हजार मिटरभन्दा माथि र याक, नाक पालन तीन हजार मिटरभन्दा उच्च भू-भागमा गरिन्छ। भालेलाई याक र पोथीलाई नाक भनिन्छ। नाक र पहाडी साढे वा याक र पहाडी गाईबीचको प्रजननबाट निस्केको वर्णशंकरलाई चौंरी भनिन्छ। हिमाली क्षेत्रमा याक, नाक र चौंरीलाई धेरै प्रकारले उपयोग गरिन्छ। याक र झोप्के/झोपा भारी बोकाउने काममा प्रयोग गर्न सकिने भएकाले स्थानीयस्तरमा सामान ढुवानीबाट राम्रो आम्दानी हुनेगर्छ। याक, नाक र चौंरीबाट उत्पादन हुने रौंबाट राडीपाखी बनाउने, छेरा, कपडा तयार गर्ने लगायत धार्मिक काममा प्रयोग गरिने चमर समेत बनाउने गरिन्छ। कतिपय स्थानमा याक मासुका लागि पनि पाल्ने गरिन्छ भने यिनीहरूको छाला तथा हाडबाट विभिन्न सामान बनाउने गरिन्छ। हिमाली क्षेत्रका बासिन्दाको मुख्य व्यवसाय कृषि, पशुपालन र पर्यटन हो। चौंरीपालन व्यवसायलाई हिमाली अर्थतन्त्रको मेरुदण्ड मानिन्छ तर पछिल्लो समय यो व्यवसाय संकटमा पर्दै गएको छ। यहाँका स्थानीय विस्तारै पशुपालनबाट विमुख हुने अवस्थामा पुगेका छन्।

नेपालका हिमाली जिल्लामा, चिसो सुक्खा हावापानी भएको हुनाले कम आहारा खुवाएर भए पनि याक र चौंरीबाट प्रशस्त लाभ लिन सकिन्छ। चौरीको दूध स्वास्थ्यका लागि अति नै लाभदायक मानिन्छ। नाकले पाँच देखि ६ महिनासम्म दैनिक रूपमा एक देखि दुई लिटरसम्म दूध दिन्छ। चौंरी नाकभन्दा अलि बढी दुधालु हुने भएकाले दैनिक तीन लिटरभन्दा बढी दूध दिने गर्छ। चौंरीको दूध तथा दुग्धजन्य पदार्थ जस्तैः चीज, बटर, घ्यू, दही, छेना, छुर्पी, सेगार आदिको उत्पादन र बिक्रीबाट प्रशस्त आयआर्जन गर्न सकिन्छ।

याक तथा चौरी व्यवसायी संघ नेपाल
YAK & CHAURI ASSOCIATION OF NEPAL (YCAN)
जिल्ला कमिटी, सल्लेरी सोलुखुम्बु
सहयोगी संस्थाः Sahaj

“याक चौरी बचाउँ हिमाल जोगाऔं”



# स्वास्थ्यवर्द्धक चौरीको दूध

दूध मानिसको सवर्वोत्कृष्ट भोजनमा पर्छ । उच्च पहाडी भू-भागमा दूध उत्पादनका लागि चौरीपालन गरिन्छ भने पहाडी र तराई भू-भागमा गाई भैंसीपालन गरिन्छ । यी सबै पशुपालनको मुख्य उद्देश्य भनेकै दूध उत्पादन हो । दूध सबै अवस्था र उमेर समूहका मानिसले उपयोग गर्ने पोषणयुक्त खाद्यपदार्थ हो । चौरी र गाईको दूधमध्ये कुन वढी फाइदाजनक छ त ? सहज परियोजनाले विज्ञमार्फत् गराएको एक अध्ययनअनुसार नाक/चौरीको दूध मिठो स्वाद र सुगन्धित हुन्छ । उच्च भू-भागमा रहेका चरन क्षेत्र जडिबुटी र औषधीय वनस्पतिले भरिपूर्ण हुनाले नाक चौरीको दूध स्वास्थ्यका लागि लाभदायक मानिन्छ ।

चौरीको दूध र दुग्धजन्य पदार्थबाट प्राप्त चिल्लो पदार्थमा गाईको दूधको मखखनमा भन्दा झण्डै तीन गुणा बढी सीएलए (CLA) भएको र सि.एल.ए. (CLA) मा क्यान्सर प्रतिरोधी क्षमता बढी हुने अध्ययनले देखाएको छ । सि.एल.ए. (ऋीब) ले एथेरोस्क्लेरोसिसको विकासलाई रोक्न, तौल सन्तुलित राख्न, शरीरको बोसो घटाउन र प्रतिरक्षा प्रणाली बलियो बनाउन मद्दत गर्छ । चौरीको नौनीको यो एकल विशेषताले मानव आहारमा सि.एल.ए. लाई प्राकृतिक स्रोतको रूपमा प्रवर्द्धन गर्न सकेमा चौरीको दूध, बटर, घ्यूउको महत्व अझै बढ्ने देखिन्छ । सि.एल.ए. विभिन्न स्वास्थ्य समस्या जस्तै हृदय रोग र जोनिवृत्ति पछि महिलाको ओस्टियोपोरोसिस नियन्त्रण गर्न पनि उपयोगी देखिएको छ। चौरीको दूध र दुग्धजन्यपदार्थबाट निस्कने चिल्लो पदार्थमा ओमेगा-३ (एन-३) र ओमेगा-६ (एन-६) याटी एसिडको मात्रा बढी हुन्छ। ओमेगा ३ र ६ याटी एसिडले हृदय रोगको नियन्त्रण गर्न मद्दत गर्छ र मांसपेशी बलियो बनाउँछ। चौरीको नौनी र दूधबाट बनेको शेरखाममा प्रोटिनको मात्रा धेरै हुन्छ । यसरी गुणै, गुणले भरिएको नाक चौरीको दूध र दुग्धजन्य परिकारको विश्वबजारमा अत्यधिक माग रहेको छ । त्यसैले चौरीपालक कृषकले स्वच्छ तथा शुद्धताको पाटोमा ध्यान पुर्‍याएर बढीभन्दा बढी दूध उत्पादन गर्नेतर्फ ध्यान दिनु जरुरी देखिन्छ ।

Protect the Yak Save the Himalaya

## नाक र चौरीको दुग्धजन्य पदार्थको बढ्दो माग

दुग्धजन्य पदार्थ अत्यन्तै छिटो संक्रमित हुने हुने हुनाले यसको उत्पादनदेखि बजारीकरणसम्मका हरेक चरणमा संक्रमणको जोखिम कायमै रहन्छ । यसै यथार्थतालाई मध्यनजर गर्दै, सहज परियोजनाको सहयोगमा याक तथा चौरी व्यवसायी संघ, नेपाल, सोलुखुम्बुले २०८० सालमा सोलुखुम्बु जिल्लाका याक तथा चौरी दुग्ध प्रशोधनकर्ताका लागि स्वच्छ प्रशोधन र उद्यमशीलता विकाससम्बन्धी विषयमा तालिम प्रदान गरेको थियो । उक्त तालिम कार्यक्रमबाट याँक तथा चौरीबाट उत्पादित दुध र दुग्धजन्य पदार्थको ब्यावसायिक विकास अनि शुद्ध उत्पादन प्रक्रियामा समेत मद्दत पुगेको पाइन्छ । पछिल्ला वर्षमा त झन, चौरीको दूधबाट उत्पादन हुने कडा र नरम दुबै प्रकारका छुर्पी, चीज, घ्यू र मख्खनको नेपालमा मात्रै नभएर विदेशमा समेत अत्यधिक माग रहेको छ तर मागअनुसारको उत्पादन हुनसके देखिँदैन । मागअनुसार उत्पादन र ब्राण्डिङ गरेर विदेशमा निकाशी गर्नसके यसले पर्वतीय क्षेत्रको आर्थिक समृद्धिमा अवश्य पनि टेवा पुग्नेछ ।

हिमाली क्षेत्रमा पाइने याक र चौरीहरू केवल एउटा ब्यावसायिक पेशा मात्र होइनन् । यिनीहरू पहाडी तथा हिमाली क्षेत्रको संस्कृति सौन्दर्य, पर्यटन विकासका संवाहक र अर्थतन्त्रको एक हिस्सा हुन् । पहाडी तथा हिमाली क्षेत्रमा चौरीबाट उत्पादित वस्तुमा दूधजन्य पदार्थ मात्र नभई यसको रौ तथा चमरबाट बन्ने सामग्रीमा धार्मिक तथा सांस्कृतिक, महत्वसमेत झल्किने गर्छ ।







# याक, नाक र चौरीको व्यावसायिक पालन र बजारीकरण

पहिला चौरीपालन व्यवसायलाई नेपालको हिमाली क्षेत्रको अर्थतन्त्रको मेरुदण्ड मानिन्थ्यो तर पछिल्लो समय यस व्यवसाय संकटमा पर्दै गएपछि दूधबाट उत्पादन हुने दुग्धजन्य कच्चा पदार्थको उत्पादनमासमेत कमी आएको छ । चौरीपालन व्यवसायमा ह्रास आउँदा देशलाई आर्थिक तवरवाटसमेत नोक्सानी देखिन्छ । यसको लागि युवा पुस्तालाई चौरीपालन व्यवसायतर्फ आकर्षित गर्न लगानीदेखि आम्दानीसम्मको प्रक्रिया कृषक अनुकूल बनाइने तर्फ सम्बन्धित सरोकारवालाको ध्यान पुग्नुपर्ने हुन्छ । व्यवसायीको लगानीलाई घाटामा जान नदिन उत्पादन र मुनाफालाई प्रोत्साहित गर्ने कार्यक्रम बनाई लागू गर्नु आवश्यक छ । याक चौरीपालनलाई व्यवसायीकरण गर्ने, युवा तथा कृषकको रुचि र आकर्षण बढाउन यो व्यवसायको मूल्य श्रृङ्खलाका सैद्धान्तिक तथा व्यावहारिक पक्षलाई व्यवस्थित गर्न आवश्यक छ । यसका लागि गर्नुपर्ने प्रमुख कार्यक्रम निम्नानुसार रहेका छन् ।

याक र चौरीको उत्पादन तथा बजार व्यवस्थापनका लागि निम्न सवालमा ध्यान दिन जरुरी देखिन्छ ।

- सम्भावित रासायनिक प्रदुषण, रोगव्याधीरहित तिनका उत्पादन छन् भनेर प्रमाणीकरण गर्नुपर्ने ।
- स्थानीयस्तरमा उपयुक्त हुने प्रविधि, उपलब्ध साधन र स्रोतले धान्न सक्ने व्यवस्थापनतर्फ जोड दिनुपर्ने ।
- हाल परम्परागत रूपमा उत्पादन हुने चौरीजन्य उत्पादनको विविधीकरण र गुणस्तर वृद्धिका कार्यक्रम बनाई लागू गर्ने।
- चौरीपालक कृषकलाई शुद्ध, स्वच्छ र स्वस्थ चौरीजन्य उत्पादन कसरी गर्ने भन्ने बारेमा तालिम तथा अभिमुखीकरण गराउनु पर्ने ।
- चौरीजन्य उत्पादनका स्थानीय बजार व्यवस्थापन मात्र होइन अन्यत्र निर्यातका सम्भावनाका लागि सहजीकरणका लागि पहल गर्नुपर्ने ।
- आम जनसमुदायमा चौरीजन्य उत्पादनका बारेमा सूचना प्रवाह गर्नुपर्ने ।
- चौरीजन्य उत्पादनको विश्वव्यापी मान्य गुणस्तर मानक (ब्राण्ड) निर्धारण गर्नुपर्ने ।
- कृषकलाई पायक पर्ने गरी चीज कारखानाको स्थापना गरी कारखाना/ उद्योग/प्रशोधनशाला आदि निजी सर कारी वा शहकारी साझेदारी अवधारणामा कार्य अगाडि बढाउनु पर्ने ।
- याक तथा चौरीको संख्या दिनानुदिन घट्ने क्रम रहेकाले यो व्यवसायलाई प्राथमिकीकरणमा राख्नुपर्ने ।
- कमजोर मुल्य श्रृङ्खला (सेवाप्रदायी, औषधी उपचार, भौतिक सामान, चीज कारखाना, बजार व्यवस्थापनका) चुनौतीलाई क्रमशः समाधान उन्मुख कार्यक्रम बनाई लागू गर्नुपर्ने ।





## याक तथा चौरी व्यवसायी संघ नेपाल (YCAN)

याक/चौरी बहुउपयोगी, हिमाली मणिको रूपमा चिनिने जनावर हो। यस पेशालाई व्यवसायीकरण गरी ग्रामीण रोजगारीको सिर्जना गरिनु पर्दछ। यसबाट उत्पादित वस्तुको गुणस्तरीय उत्पादन गरी उचित बजारीकरण गरेर स्वरोजगार प्रवर्द्धन गरी विदेशी मुद्रा आर्जन गर्न, पर्यटन प्रवर्द्धन र आफ्नै ब्रान्डसहितको हिमाली परिचय दिन बृहत् याक चौरी विकास कार्यक्रम अभियानकै रूपमा सञ्चालन गरिनु पर्छ। यसका लागि सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको सहभागिताको आवश्यकता रहेको छ। यसै यथार्थतालाई मध्यनजर गरेर, याक र चौरीको संरक्षण र प्रवर्द्धनको लागि जिल्ला प्रशासन कार्यालय सोलुखुम्बुमा बैधानिक रुपमा, याक तथा चौरी व्यवसायी संघ नेपाल, नामक गैरसरकारी सस्था दर्ता गरिएको छ।

### याक तथा चौरी व्यवसायी संघ नेपाल स्थापनाका मुख्य उद्देश्य

- जिल्लाभरिको याक तथा चौरीपालक कृषकलाई संगठित गरी कृषकको हकहितका लागि विभिन्न संघ संस्थासँग सहकार्य गर्दै समयानुकूल चौरीपालनको विकास, परिमार्जन र आधुनिकीकरण गर्ने।
- याक तथा चौरीको चिज, छुर्पिको ब्यवस्थित रूपमा संकलन, भण्डारण, ब्रान्डिङ गरी अन्तर्राष्ट्रियस्तरमा बजारीकरण गर्न पहल गर्ने।
- याक तथा चौरीपालन पेशालाई बहुआयामिक बनाई कृषकको क्षमता अभिवृद्धि गर्न अध्ययन भ्रमण, तालिम गोष्ठी आदि सञ्चालन गर्ने।
- याक तथा चौरीको प्रवर्द्धन गरी रोजगारीको दृष्टिले पनि आकर्षक पेशा बनाउने र राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थासँग सहकार्य गरी विभिन्न गतिविधि सञ्चालन गर्ने।




# चौरीपालनका क्षेत्रमा देखिएका समस्या समाधानका लागि याक तथा चौरी व्यावसायिक संघ नेपालका प्रयास

- याक तथा चौरीको उत्पादनलाई व्यवस्थित रूपमा बजारीकरण गर्न र जिल्लाभित्रका याक चौरीको तथ्यांक संकलन गरी वार्षिक उत्पादनको प्रक्षेपण गरिएको छ ।
- याक र चौरीको पशुधन क्षति न्यूनीकरण गर्न इन्स्योरेन्स कम्पनीसँग सम्झौता गरी प्रिमियममा १५% छुट र बिमा दाबी प्रक्रिया सहज बनाउने प्रयास भएको छ भने बिमा भुक्तानी मोबाइल वालेटमार्फत् गर्ने व्यवस्था भएको छ ।
- सोलुखुम्बु जिल्लाका कृषकको क्षमता अभिवृद्धि तथा सीप विकासका लागि घरेलु तथा साना उद्योगको कार्यालय सल्लेरीसँग सहकार्य गरी चिज उत्पादनसम्बन्धी प्रशिक्षण गरिएको छ ।
- हिमाली पशुपालनमा राज्यको स्पष्ट नीति ल्याउन विभिन्न प्रदेश र स्थानीय तहको कार्यक्रममा सहभागिता भएको छ ।
- याक तथा चौरीको संरक्षण र प्रवर्द्धनका लागि सोलुखुम्बु जिल्लाको विभिन्न स्थानीय तहको ध्यानाकर्षण गरी बजेटको व्यवस्था गर्न पहल गरिएको छ ।
- याक र चौरीपालन व्यवसायलाई बहुआयामिक बनाउन पर्यटनसँग जोडेर सुधारिएको गोठको निर्माण गरेर (गोठस्टे पर्यटन) को पनि विकास गर्ने कार्य अगाडि बढाइएको छ ।
- नाक तथा चौरीबाट उत्पादित चीज, छुर्पिको व्यवस्थित रूपमा संकलन, भण्डारण, ब्रान्डिङ गरी अन्तर्राष्ट्रिय रूपमै बजारीकरण गर्न पहल गर्ने, याक तथा चौरी पालन पेशालाई बहुआयामिक बनाई पर्यटनसँग सम्बन्धित विविध गतिविधि सञ्चालन गर्ने, कृषकको क्षमता अभिवृद्धि गर्न अध्ययन भ्रमण, तालिम गोष्ठी आदि गर्ने जस्ता कार्य याक तथा चौरी व्यावसायिक संघ, नेपालले गर्दै आइरहेको छ ।

# याक नाक र चौरीका उपज संकलन तथा प्याकेजिङ केन्द्र स्थापना

विश्वको उच्च पर्वतीय क्षेत्रमा पालिँदै आएको याक, नाक र चौरीको उत्पादनलाई संकलन गरी सहज बजारीकरणका लागि सोलुखुम्बु जिल्लामा व्यवस्थित संकलन केन्द्र बनाई प्याकेजिङमार्फत् ब्रान्डिङ गर्नसके विश्वको पहिलो उत्कृष्ट ब्रान्ड याक, नाक र चौरीको उत्पादन गरेर अन्तर्राष्ट्रिय रूपमा बिक्री वितरण गर्न सकिने सम्भावना छ। याक तथा चौरी व्यावसायिक संघ नेपालले सोलुखुम्बु जिल्लामा, जिल्लास्तरीय याक, नाक तथा चौरीजन्य उपज संकलन तथा प्याकेजिङ केन्द्र स्थापनासम्बन्धी अवधारणा अगाडि बढाएको छ।

## याक उपज संकलन तथा प्याकेजिङ केन्द्र कसरी सञ्चालन गर्ने ?

- सडकको सहज पहुंच भएको स्थानको पहिचान गरेर सोलुखुम्बु जिल्लाभित्रका सबै याक, नाक र चौरीपालक कृषकको उत्पादनलाई संकलन गरी प्याकेजिङ गर्ने।
- प्याकेजिङ गरिएको दुग्धजन्य वस्तु जिल्लाभित्रका विभिन्न व्यापारिक केन्द्रमा कोशेली घर स्थापना गरी बिक्री वितरण गर्ने।
- उत्पादन संकलन, भण्डारण, प्याकेजिङ, कर्मचारी, भवन निर्माणलगायत कार्यालय दिगो व्यवस्थापनका लागि स्थानीय, प्रदेश र संघीय सरकार तथा अन्य विभिन्न संघसंस्थासँग सहकार्य गर्ने।
- कृषकको हितलाई ध्यानमा राखेर उत्कृष्ट प्याकेजिङमार्फत् उचित मूल्य श्रृङ्खलाको पहिचान गरी याक, नाक तथा चौरीजन्य उपजको अन्तर्राष्ट्रियस्तरमा बजारीकरण गर्ने।









## जिल्लास्तरीय याक, नाक र चौरीजन्य उपज संकलन तथा प्याकेजिङ केन्द्र किन सञ्चालन गर्ने ?

- शुद्ध र गुणस्तरीय दुग्धजन्य पदार्थको सुनिश्चितता गरी मिसावटयुक्त दुग्धजन्य वस्तुको प्रतिस्थापन गर्न ।
- बिचौलियाको कारण वास्तविक कृषकले उचित मूल्य नपाएको हुँदा उपयुक्त मूल्य पुर्‍याउन ।
- कृषकको उत्पादनको ब्यवस्थित बजारीकरण सुनिश्चित गर्न ।
- सोलुखम्बु जिल्लामा आउने पर्यटकका लागि याक, नाक तथा चौरीजन्य उपजको कोसेलीको रुपमा ब्रान्डिङ गर्न ।
- जिल्लाभित्र मूल्य समायोजन गरी एकरूपता ल्याउन ।
- कृषकलाई बिना धितो सहुलियत कर्जा प्रवाह गर्ने आधार तयार गर्न ।

## उपसंहार

याक चौरी बहुउपयोगी, हिमाली पशुपालनसँगै यस पेशालाई व्यवसायीकरण गर्न सके ग्रामीणस्तरमा रोजगारीको सिर्जना गर्न सकिन्छ । हिमाली भू-भाग सबै खाले वातावरणीय प्रदूषणबाट मुक्त र चौरी बिचरणका लागि स्वस्थ्य कृषि बासस्थान मानिएको छ। यही कारणले नै याक चौरीलाई जैविक पशुपालन भन्ने गरिन्छ। उच्च भूभागमा रहेका चरन क्षेत्र जडिबुटी र औषधीय वनस्पतिले भरिपूर्ण हुनाले याक, नाक तथा चौरीका दुग्धजन्य उत्पादन पनि मानव स्वास्थ्यका लागि अति नै स्वस्थ्यकर मानिएको छ भने उपभोक्ताको पहिलो रोजाई नै हिमाली उत्पादन भएको छ । स्वदेश तथा विदेशमासमेत अलग्गै पहिचान अर्थात् (ब्राण्ड) बनेको याक, चौरीको उत्पादन हिमाली क्षेत्रका मौलिक पहिचानसमेत हुन । यी विशिष्ट मौलिक पहिचानलाई विशिष्ट उत्पादनको श्रेणीमा प्रतिलिपि अधिकार लिनसके यस्तो पहलले उच्च हिमाली क्षेत्रको गरिबी निवारण हुनसक्ने देखिन्छ । यस्ता गुणस्तरीय उत्पादनको उचित बजारीकरण गर्न सके स्वरोजगार प्रवर्द्धनसँगै अन्तर्राष्ट्रिय बजारीकरण तथा पर्यटन प्रवर्द्धन गर्न सकिन्छ। यसका लागि बृहत याक चौरी विकास कार्यक्रमलाई हिमाली पहिचान, आर्थिक समृद्धि, स्थानीय विकास र युवा स्वरोजगारका लागि देशव्यापी अभियानकै रूपमा अगाडि लैजानु पर्ने अहिलेको आवश्यकता छ।

याक तथा चौरी व्यवसायी संघ नेपाल
YAK & CHAURI ASSOCIATION OF NEPAL (YCAN)
जिल्ला कमिटी, सल्लेरी सोलुखुम्बु
सहयोगी संस्था:
Sahaj
Partner for innovations in agricultural markets